विधेयक सङ्ख्याः-

# थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

लुम्बिनी प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

विधेयक सङ्ख्याः-

# थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक


लुम्बिनी प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## विषय सूची


| | पेज नं. |
|---|---|
| १) उद्देश्य र कारण | १ |
| २) आर्थिक टिप्पणी | ३ |
| ३) प्रदेश सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत विधेयक | ४ |
| ४) विधेयकको व्याख्यात्मक टिप्पणी | २९ |
| ५) विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी | ४० |

# उद्देश्य र कारण

नेपालको संविधान तथा प्रचलित सङ्घीय कानुनमा विभिन्न आदिबासी जनजातिहरूको अधिकारहरू उल्लेख भएको र त्यस्ता समूदायका आ-आफ्ना परापूर्वकाल देखि प्रचलनमा रहेका कानुनसम्मत प्रथा, परम्परा, असल संस्कार र समाज सञ्चालनका विधि तथा प्रणालीहरू रहेका छन्। विभिन्न जातजातिसँग सम्बन्धित हक अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संघमा आयोग तथा प्रतिष्ठानहरूसमेत स्थापना भई कार्यसम्पादन गर्दै आएका छन्।

यस प्रदेशमा थारू समूदायको बाहुल्यता रहेकोले थारू समुदायमा आदिमकाल देखि प्रचलनमा रहेका सामूहिक प्रथाजनित कविला गण संरचना, सङ्गठन तथा चालचलन, रीतिरिवाज, संस्कृति, सम्पदा, मटावाँ, बरघर तथा भलमन्सा लगायतका प्रथाजनित परम्परामा असल अभ्यासको पहिचान तथा अभिलेखीकरण, संरक्षण, प्रबर्द्धन तथा पुस्तान्तरणको लागि विधायिकी कानुनको अभाव भएको सन्दर्भमा प्रस्तुत विधेयक सरकारी विधेयकको रूपमा तयार गरी त्यस्तो विषयलाई विधायिकी कानुनद्वारा व्यवस्थित गर्नुपर्ने उद्देश्य राखिएको छ। प्रस्तुत विधेयक प्रदेश सभामा पेश गर्न प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०१/०८ को बैठकबाट स्वीकृति प्रदान गरेको छ।

प्रस्तुत विधेयकले थारू समूदायका असल प्रथाजनित प्रणालीलाई मान्यता प्रदान गर्ने, समूदायका संरचना, सङ्गठन, संस्कृति, सम्पदा, मटावाँ, बरघर तथा भलमन्सा लगायतका प्रणालीको पहिचान तथा अभिलेखीकरण, संरक्षण, प्रबर्द्धन तथा पुस्तान्तरणको लागि सहयोग गर्नेछ। साथै,

प्रस्तुत विधेयक ऐनको रूपमा कार्यान्वयन हुँदा थारू समूदायका असल प्रथाजनित प्रणालीले मान्यता प्राप्त गर्ने, त्यस्ता प्रणालीको संरक्षण भई समूदायको राज्यप्रतिको अपनत्वको भावनाको विकास हुने र व्यावहारिक रूपमा कार्यान्वयनमा सहयोग पुग्ने हुँदा प्रदेश सभामा यो विधेयक पेश गरेको छु।

......................................

(मा.जन्मजय तिमिल्सिना)

सामाजिक विकास मन्त्री

# आर्थिक टिप्पणी

नेपालको संविधान तथा प्रचलित सङ्घीय कानुनमा विभिन्न आदिबासी जनजातिहरूका अधिकारहरू अन्तर्गत त्यस्ता समूदायका प्रथाजनित प्रणाली, रीतिरिवाज, संस्कृति, सम्पदा तथा असल अभ्यासको पहिचान तथा अभिलेखीकरण, संरक्षण, प्रबर्द्धनका व्यवस्था गरिएकोमा थारू समूदायका त्यस्ता विषयहरू कार्यान्वयनका सन्दर्भमा मुख्य भूमिका नेपाल सरकारको भएकोले त्यस्ता अधिकारको कार्यान्वयनमा सिर्जना हुने आर्थिक दायित्वको मुख्य भार नेपाल सरकारमा माथि सिर्जना हुने र त्यस्ता आर्थिक दायित्वको व्यवस्थापनसमेत नेपाल सरकारमार्फत् हुँदै आएको छ। यद्यपि नेपाल सरकारको अतिरिक्त प्रदेश सरकार तथा प्रदेशका थारू समूदायको बाहुल्यता रहेका स्थानीय तहसमेतमा कार्यान्वयन गर्दा सिर्जना हुन सक्ने आर्थिक दायित्वको भार आंशिक रूपमा पर्ने देखिन्छ।

अतः विधेयकका व्यवस्था कार्यान्वयन गर्न प्रदेश सरकारमाथि अतिरिक्त आर्थिक दायित्व नपर्ने र मन्त्रालयको सालबसाली बार्षिक बजेटमा कार्यक्रम/क्रियाकलाप समावेश गरी कार्यान्वयन गर्न सकिने नै देखिन्छ।

.....................................

(मा.जन्मजय तिमिल्सिना)

सामाजिक विकास मन्त्री

**प्रदेश सरकार, मन्त्रिपरिषद्बाट प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गरेको थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक देहाय बमोजिम रहेको छः-**

## थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३

**प्रस्तावनाः** थारू समुदायमा आदिमकाल देखि प्रचलनमा रहेका सामूहिक प्रथाजनित कविला गण संरचना, सङ्गठन तथा चालचलन, रीतिरिवाज, संस्कृति, सम्पदा, मटावाँ, बरघर तथा भलमन्सा लगायतका प्रथाजनित परम्परामा असल अभ्यासको पहिचान तथा अभिलेखीकरण, संरक्षण, प्रबर्द्धन तथा पुस्तान्तरणको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१) **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः** (१) यस ऐनको नाम "थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

(३) यो ऐन प्रदेशभित्र थारू समुदाय बसोबास गर्ने क्षेत्रमा लागू हुनेछ।

२) **परिभाषा र व्याख्या:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा १८ बमोजिमको गाउँ मौजा वा प्रगन्ना, फाँटा वा टप्पाको कोष सम्झनु पर्छ।

(ख) "गाउँ मौजा" भन्नाले दफा ६ बमोजिमको गाउँ मौजा सम्झनु पर्छ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐनको अधिनमा रही बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले समुदायबाट विभिन्न पद तथा कार्य जिम्मेवारी प्राप्त गरेका दफा १७ बमोजिमका व्यक्ति सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(च) "मटावाँ, बरघर तथा भलमन्सा" भन्नाले गाउँ मौजाको भौगोलिक सीमाभित्र नेतृत्व गर्ने गाउँ मौजाका समुदायले छनौट गरेको नेतृत्व गर्ने प्रमुख व्यक्ति वा पदाधिकारी सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले विभिन्न जातजातीको परम्परा संस्कृति र रितिरिवाजको सम्वर्द्धन र प्रवर्द्धन

सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ज) "समुदाय" भन्नाले यस ऐनको हकमा प्रदेशका थारू समुदाय सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(२) यस ऐनमा प्रयोग भएका समुदायसँग सम्बन्धित बोलीचालीमा प्रयोग हुने भाषागत शब्द वा शब्दावलीको परिभाषा अनुसूची-१ बमोजिम हुनेछ।

## परिच्छेद-२

## प्रथाजनित परम्परागत असल अभ्यासको संरक्षण तथा प्रबर्द्धन गरिने

३) **प्रथाजनित परम्परागत असल अभ्यासको संरक्षण गरिनेः** (१) समुदायमा प्रचलित कानुनको प्रतिकूल नभएका समुदायमा प्रचलित देहायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन गरिनेछः-

(क) परम्परागत रुपमा प्रचलनमा रहेका गाउँ मौजा, प्रगन्ना, फाँटा वा टप्पा,

(ख) परम्परागत रुपमा रहेका चाडपर्व, खानाका परिकार, खेलकुद, लोककला, भेषभुषा, भाषा, संस्कृति,

रहनसहन, विवाह, जन्म र मृत्यु संस्कार तथा सो सम्बन्धी अभौतिक सम्पत्ति,

(ग) परम्परागत रुपमा रहेका कृषि तथा सिंचाइ प्रणाली, पेशा, सीप, व्यवसाय र त्यसबाट उत्पादित वस्तु तथा सोसम्बन्धी बौद्धिक सम्पत्ति,

(घ) प्रचलित कानुनको प्रतिकूल नभएका मेलमिलापमा आधारित विवाद समाधान,

(ङ) परम्परागत रुपमा रहेका प्रकृतिपूजा, मठमन्दिर, मरूवा तथा भुइह्यारथान संरक्षण,

(२) उपदफा (१) बमोजिम समुदायमा प्रथाजनित असल परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्न मन्त्रालयले आवश्यक चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४) **<u>सामाजिक सदभाव कायम गर्नेः</u>** (१) समुदायका प्रथाजनित अभ्यासको संरक्षण तथा प्रबर्द्धन गर्दा  समुदायमा बस्ने अन्य समुदाय, व्यक्ति वा बासिन्दालाई असर नपर्ने गरी गर्नुपर्नेछ।

(२) सार्वजनिक रुपमा प्राप्त कुनै सेवा, सुविधाको बाँडफाँट तथा वितरण, सामुदायिक सम्पत्ति तथा प्राकृतिक स्रोत साधनको उपयोग र उपभोगमा समन्यायिक हुने गरी प्रयोग गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम अन्य समुदाय, व्यक्ति वा बासिन्दालाई असर परी उजुरी गरेमा समुदायले मेलमिलापको माध्यांमबाट विवाद समाधान गर्न सक्नेछ।

५) **<u>समुदायले पहिचान कायम गर्न सक्नेः</u>** समुदायले स्थानीय टोल विकास संस्थाको अवधारणा तथा अन्य नीतिगत पक्षमा असर नपर्ने र प्रचलित कानुन प्रतिकूल नहुने गरी समुदायको परम्परागत पहिचानमा आधारित गाउँ, टोल वा स्थानको विकास, संरक्षण एवं प्रबर्द्धन गर्न सक्नेछ।

## परिच्छेद-३

## परम्परागत प्रथाजनित संरचना र सीमाना

६) **<u>गाउँ मौजा रहनेः</u>** (१) समुदायको सबैभन्दा तल्लो तहको संरचनामा गाउँ मौजा रहनेछ।

(२) उपदफा (१) बमोजिमको गाउँ मौजा बाहेक अर्को कुनै शब्द वा नामबाट प्रचलनमा रहेको भए सोही शब्द वा नामबाट समेत अभ्यास गर्न सक्नेछन्।

७) **<u>गाउँ मौजाको सिमानाः</u>** (१) समुदायले परम्परागत रुपमा निर्धारण गरेको भौगोलिक सिमाना वा चिन्हलाई प्रत्येक गाउँ मौजाको सिमानाको आधार मानिनेछ।

(२) यस दफा बमोजिम समुदायले गाउँ मौजाको सिमाना निर्धारण गर्दा अपनाउने विधि समुदायले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको सिमाना निर्धारण गर्दा प्रशासनिक तथा राजनीतिक विभाजन, कुनै निर्वाचन क्षेत्रको इकाइ, जनसाङ्ख्यिक तथ्याङ्क सङ्कलनको क्षेत्र, सरकारको तर्फबाट प्रदान गरिने

सामाजिक न्यायमा आधारित सेवा सुविधाको बाँडफाँट तथा वितरण गर्ने कार्यमा प्रयोग गरिने छैन।

८) **<u>गाउँ मौजामा मटावाँ, बरघर तथा भलमन्सा परम्परा रहन सक्नेः</u>** (१) समुदायमा गाउँ मौजामा कविला गणप्रथा मटावाँ, बरघर तथा भलमन्सा परम्पराको प्रचलन गर्न सक्नेछन्।

(२) प्रत्येक गाउँ मौजामा समुदायको सहमतिमा गाउँ मौजाको प्रमुखको रुपमा एक-एक जना मटावाँ, बरघर वा भलमन्सा छनौंट गर्न सक्नेछन्।

(३) गाउँ मौजाको मटावाँ, बरघर वा भलमन्साको छनौंट गर्न सम्बन्धित गाउँ मौजाको सञ्चालक समितिले मापदण्ड बनाउन सक्नेछन्।

(४) उपदफा (३) बमोजिम मटावाँ, बरघर वा भलमन्साको छनौंट गर्दा कुनै विवाद भएमा सम्बन्धित गाउँ मौजाको सिमानाभित्र रहेका समुदायका प्रत्येक परिवारबाट एक मतभारको आधारमा बखेरी (गाउँ मौजा सभा) बाट मटावाँ, बरघर वा भलमन्साको छनौंट गर्न सक्नेछन्।

(५) मटावाँ, बरघर वा भलमन्साको पदावधि एक वर्षको हुनेछ र त्यस्तो पदावधि कायम गर्दा प्रत्येक वर्षको माघ महिना देखि अर्को वर्षको पुष मसान्तसम्मको रहनेछ।

(६) कुनै कारणले मटावाँ, बरघर वा भलमन्सा पद रिक्त हुन गएमा समुदायले उपदफा (२) वा (४) बमोजिम बाँकी अवधिको लागि अर्को मटावाँ, बरघर वा भलमन्सा तत्काल छनौट गर्न सक्नेछन्।

(७) समुदायले गाउँ मौजाको संरक्षकको रुपमा देशबन्ध्या गुरूवा राख्न सक्नेछन् र केशैका देशबन्ध्या गुरूवाले चुनेको ब्यक्ति रहनेछ ।

९) **गाउँ मौजाको मटावाँ, बरघर तथा भलमन्साको कार्यक्षेत्रः** गाउँ मौजाको मटावाँ, बरघर वा भलमन्साको कार्यक्षेत्र प्रत्येक गाउँ मौजाको सिमाना भित्र हुनेछ।

१०) **प्रगन्ना, फाँटा तथा टप्पा रहनेः** (१) समुदायको परम्परा देखि रहेको सिंचाइ प्रणाली, सामुहिक श्रम प्रणाली, भूमिपूजाको सञ्चालन र सामुहिक कामका लागि दुई वा दुईभन्दा बढी गाउँ मौजा मिलेर बनेको संरचना प्रगन्ना, फाँटा वा टप्पाको रुपमा रहनेछ।

(२) समुदायले यो ऐन प्रारम्भ हुनपूर्व परम्परागत रुपमा मान्दै आएका प्रगन्ना, फाँटा वा टप्पालाई संरक्षण एवम् प्रबर्द्धन गर्न सक्नेछन्।

(३) समुदायले मापदण्ड बनाई सञ्चालक समितिको गठन तथा प्रगन्ना, फाँटा वा टप्पाको गठन, सञ्चालन तथा काम, कर्तब्य र अधिकार, लगायतका कार्यलाई व्यवस्थित गर्न सक्नेछन्।

११) **<u>नक्साङ्कन गर्न सकिनेः</u>** (१) मन्त्रालयले समुदायको समन्वयमा प्रदेशका प्रत्येक गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको नक्साङ्कन गरी समुदायको परम्पराको संरक्षण एबं प्रवर्द्धन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नक्साङ्कन गर्दा त्यस्ता गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको भौगोलिका (वैश्विक) स्थान निर्धारण प्रणालीमा आधारित (जि.पी.एस) नक्सा समेत बनाउन सक्नेछ।

१२) **<u>गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा सङ्गठित संस्थाको रुपमा दर्ता हुन सक्नेः</u>** (१) गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा प्रचलित कानुनको अधिनमा रहि सङ्गठित संस्थाको रुपमा सम्बन्धित निकायमा दर्ता हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम दर्ता भएका गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा को गठन  काम कर्तब्य र अधिकार सङ्गठित संस्थाको रुपमा दर्ता हुँदा पेश गरेको संस्थाको स्वीकृत विधान बमोजिम हुनेछ।

१३) **<u>गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सूचीकरणः</u>** (१) प्रत्येक गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सूचीकरणको प्रमाण पत्र दफा १६ बमोजिमको प्रदेश समन्वय समितिले प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले सूचिकरण सम्बन्धी मापदण्ड आफै बनाउन सक्नेछ।

(३) समितिले उपदफा (२) बमोजिम जारी गरेका सूचीकरण प्रमाणपत्रको एकीकृत अभिलेख  राख्नुपर्नेछ।

## परिच्छेद-४

## सञ्चालक समिति, परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१४) **गाउँ मौजा सञ्चालक समितिः** (१) समुदायले मौजाको मटावाँ, बरघर वा भलमन्सा परम्पराको संरक्षण एवं प्रबर्द्धन गर्न एक गाउँ मौजा सञ्चालक समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्:-

(क) गाउँ मौजाको मटावाँ, बरघर वा भलमन्सा -अध्यक्ष

(ख) गाउँ मौजाको धनहेर्वा -कोषाध्यक्ष

(ग) गाउँ मौजाका एक घरधुरीबाट एक जना भन्दा बढी प्रतिनिधित्व नहुने गरी आपसी सहमतिमा छनौंट गरेका कम्तीमा दुई महिला सहित पाँच जना -सदस्य

(घ) बखेरी वा सञ्चालक समितिले छनौंट गरेको चिरक्रिया वा अघरिया -सदस्य

(ङ) गाउँ मौजाको लेखन्दार -सदस्य सचिव

(३) सञ्चालक समितिको बैठक सम्बन्धी मापदण्ड समिति आफैले बनाउन सक्नेछ।

(४) समितिका पदाधिकारीको योग्यता तथा बर्खास्तीका शर्त प्रचलित कानुन विपरित नहुने गरी नहुने गरी दफा १६ बमोजिमको प्रदेश समन्वय समितिले बनाएको मापदण्ड बमोजिम हुनेछ।

(५) गाउँ मौजा वा प्रगन्ना, फाँटा वा टप्पाको स्वामित्वमा रहेको चल अचल सम्पतीको दायित्व र लगत तथा काम, कर्तब्य र अधिकार तथा गाउँ मौजा सञ्चालक समितिको सञ्चालन प्रचलित कानुन विपरित नहुने गरी दफा १६ बमोजिमको प्रदेश समन्वय समितिले बनाएको मापदण्ड बमोजिम हुनेछ।

१५) **स्थानीय समन्वय परिषदः** (१) सबै गाउँ मौजाका मटावाँ, बरघर तथा भलमन्साले आपसी समन्वय र समझदारीमा एक स्थानीय समन्वय परिषद् गठन गर्न सक्नेछन्।

(२) परिषद्को गठन, परिषदमा रहने अध्यक्ष तथा सदस्यको योग्यता, सदस्य सङ्ख्या, बैठक सम्बन्धी कार्यविधि तथा काम, कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तहका सबै गाउँ मौजाका मटावाँ, बरघर तथा भलमन्साको आमभेलाको निर्णयबाट गठन भएको समितिले बनाएको मापदण्ड बमोजिम गठन हुनेछ।

१६) **प्रदेश समन्वय परिषदः** (१) प्रदेशसँग समन्वय तथा सहकार्यको लागि प्रदेशका सबै प्रगन्ना, फाँटा वा टप्पाको मटावाँ, बरघर तथा भलमन्साले आपसी समन्वय र समझदारीमा एक प्रदेश समन्वय परिषद् गठन गर्न सक्नेछन्।

(२) परिषद्को गठन, परिषदमा सहने अध्यक्ष तथा सदस्यको योग्यता, सदस्य सङ्ख्या, बैठक सम्बन्धी कार्यविधि तथा काम, कर्तव्य र अधिकार प्रदेशका जिल्लागत समुदायको जनसङ्ख्याको अनुपातका आधारमा प्रतिनिधित्व गर्ने सङ्ख्या निर्धारण गरी प्रगन्ना, फाँटा वा टप्पाको मटावाँ, बरघर तथा भलमन्साको आमभेलाको निर्णयबाट गठन भएको समितिले बनाएको मापदण्ड बमोजिम हुनेछ।

१७) **पदाधिकारीका काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ मौजा तथा प्रगन्ना, फाँटा वा टप्पासँग सम्बद्ध मटावाँ, बरघर, भलमन्सा, लेखन्दार, गाउँ धनहेर्वा, देशबन्धया गुरुवा तथा गुरुवा, केशौका, चिरक्या तथा अघरियाको काम, कर्तव्यको बाँडफाड प्रचलित कानुन विपरित नहुने गरी परिषद्ले बनाएको मापदण्ड बमोजिम हुनेछ।

(२) समुदायमा प्रथाजनित प्रचलनको संरक्षण एवं प्रबर्द्धन गर्न उपदफा (१) बमोजिमका पदाधिकारीले परम्परागत रुपमा गर्दै आएका कार्य जिम्मेवारी अनुसूची २ बमोजिम रहेका छन्।

## परिच्छेद-५

## कोषको स्थापना र सञ्चालन

१८) **<u>गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको कोष हुनेः</u>** (१) प्रत्येक गाउँ मौजा र प्रत्येक प्रगन्ना, फाँटा वा टप्पाले अलग-अलग कोष स्थापना गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको गाउँ मौजा कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) गाउँ मौजाका प्रत्येक घरधुरी वा बखेरीको निर्णय बमोजिम उठेको सदस्यता शुल्क/लेबी रकम,

(ख) सरकारी, वैदेशिक तथा गैर सरकारी संस्था बाट अनुदान प्राप्त रकम,

(ग) नीजि क्षेत्रका उद्योगपति, ब्यापारी वा शुभचिन्तकबाट प्राप्त चन्दा तथा दान रकम,

(घ) समुदायको लगानी तथा आय आर्जन र सोबाट बढोत्तरी भएको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्क वा वित्तीय संस्थामा सम्बन्धित गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको नाममा खाता खोली जम्मा गर्न सक्नेछन्।

(४) यो ऐन प्रारम्भ हुनुपूर्व कुनै गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको नाममा कुनै कोष स्थापना भएको भए त्यस्तो कोषको रकम यो ऐन प्रारम्भ भएपछि उपदफा (३) बमोजिमको बैङ्क वा वित्तीय संस्थामा खाता खोली जम्मा गर्न सक्नेछन्।

(५) उपदफा (२) को खण्ड (ख) बमोजिम वैदेशिक तथा गैर सरकारी संस्थाबाट अनुदान प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

१९) **<u>कोषको खाता सञ्चालनः</u>** गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको कोषको खाता सञ्चालन सम्बन्धित गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समितिले तोकेको सदस्य र धर्नेहवाको संयुक्त दस्तखतबाट हुनेछ।

२०) **<u>कोषको रकम खर्चका क्षेत्रः</u>** कोषको रकम देहायका क्षेत्रमा खर्च गर्न पाइनेछः-

(क) गाउँ मौजा वा प्रगन्ना, फाँटा वा टप्पाको सञ्चालन,

(ख) समुदायिक सम्पत्तिको संरक्षण तथा सम्वर्द्धन,

(ग) सामूहिक रुपमा बनाउने चाडपर्व वा जात्रा सञ्चालन,

(घ) सञ्चालक समितिको निर्णय बमोजिम समुदायका विपन्न परिवार वा व्यक्तिलाई आर्थिक सहयोग,

(ङ) मेलमिलाप तथा मिलापत्र,

(च) केन्द्र सञ्चालन सम्बन्धी सामान्य प्रशासनिक खर्च,

(छ) सिंचाइ, कुलो, नहर तथा बाँध जस्ता संरचना मर्मत सम्भार,

(ज) सम्बन्धित सञ्चालक समितिले तोकेका अन्य शिर्षकमा।

२१) **<u>लेखामान तथा लेखापरीक्षणः</u>** (१) कोषबाट खर्च भएको रकमको लेखामान दफा १४ बमोजिमको सञ्चालक समितिले राख्नु पर्नेछ।

(२) कोषबाट भएको खर्चको परीक्षण सम्बन्धित सञ्चालक समितिले तोकेका सञ्चालक समितिका सदस्य बाहेकका तीन जना गाउँ मौजा समुदायका व्यक्तिहरूबाट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखापरीक्षण इजाजतप्राप्त लेखापरीक्षकबाट आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गर्नु पर्नेछ।

(४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकमको खर्च नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक कार्यविधि कानुन तथा प्रचलित कानुन बमोजिम निर्धारित विधि प्रकृयाबाट गरी लेखामान राख्नु पर्नेछ।

(५) नेपाल सरकार प्रदेश सरकार लगायतका सरकारी निकायबाट प्राप्त रकम वाहेकको कोषको आय-व्यय, सम्पत्ति र दायित्व तथा खर्चको लेखामान सम्बन्धित समुदायले बनाएको विधि प्रकृया बमोजिम गर्नु पर्नेछ।

(६) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकमको आन्तरिक लेखापरिक्षण प्रदेशको लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट गर्नु पर्नेछ।

२२) **सामाजिक परीक्षण गर्नुपर्नेः** समुदायमा प्रचलित कानुन बमोजिम सामाजिक परीक्षण गराई कोषबाट भएको खर्चको सार्वजनिक गर्नुपर्नेछ।

२३) **अन्तर-गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा आर्थिक कारोबार गर्न सक्नेः दफा १४ बमोजिमको** सञ्चालक समितिको निर्णय बमोजिम एक गाउँ मौजा वा एक प्रगन्ना, फाँटा वा टप्पाले आवश्यकता अनुसार अर्को गाउँ मौजा वा प्रगन्ना, फाँटा वा टप्पासँग आर्थिक कारोबार गर्न सक्नेछ।

## परिच्छेद-६

## सामुदायमा आधारित मेलमिलाप तथा विवाद समाधान

२४) **समुदायमा आधारित मेलमिलापमार्फत विवाद समाधान गर्न सकिनेः**

(१) प्रचलित कानुन विपरित नहुने गरी समुदायमा मेलमिलापद्वारा विवादको समाधान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम समुदायले विवाद समाधान गर्न कम्तिमा एक जना महिला समेत देहायका व्यक्तिहरू रहने गरी मेलमिलापकर्ताको सूची तयार गर्न सक्नेछन्।

(क) समुदायका मटावाँ, बरघर तथा भलमन्सा र निजले तोकेका समुदायका व्यक्ति,

(ख) स्थानीय समाजसेवी,

(ग) स्थानीयस्तरका विद्यालय वा विश्वविलालयमा कार्यरत शिक्षक वा प्राध्यापक।

(३) उपदफा (२) बमोजिम विवाद समाधान गर्दा विवादका पक्षहरूलाई एक आपसमा हारजीतको रुपमा नलिई सहमतिमा एक अर्कालाई मान्य हुने गरी मेलमिलाप गर्न उत्प्रेरणा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम मेलमिलापद्वारा विवाद समाधान गर्दा लिखित रुपमा मेलमिलाप गर्न सकिनेछ।

२५) **मेलमिलापकर्ताको आचारसंहिताः** मेलमिलापकर्ताले पालना गर्नुपर्ने आचारण मेलमिलाप सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ।

२६) **प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराउन सक्नेः** समुदायले सम्बन्धित निकायसंग विवाद समाधान गर्ने मेलमिलापकर्तालाई प्रशिक्षण तथा आवश्यक प्राविधिक सहयोग मागँ गर्न सक्नेछ।

## परिच्छेद-७

## विविध

२७) **बखेरी सञ्चालनः** (१) समुदायको गाउँ मौजाको बखेरी माघ महिनामा सञ्चालन हुनेछ।

(२) उपदफा(१) बमोजिमको बखेरीमा देहायका व्यक्तिले भाग लिन पाउने छन्ः-

(क) गाउँ मौजाको हकमा मटावाँ, बरघर वा भलमन्सा र सम्बन्धित सञ्चालक समितिका सदस्य,

(ख) सम्बन्धित गाउँ मौजाको सीमानाभित्र रहेका समुदायका प्रत्येक परिवारबाट एक मतभारको आधारमा प्रति परिवारबाट एक एक जना,

(ग) धनहेर्वा, जुट्याल्हा, चिरक्किया वा अघरिया र लेखन्दार।

२८) **<u>प्रतिवेदन पेश गर्नुपर्ने:</u>** दफा १४ बमोजिमको सञ्चालक समितिले गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पामा एक आर्थिक वर्ष भित्र भए गरेका कामकारबाहीको विवरण र अन्तिम लेखापरिक्षणको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछ।

२९) **<u>पूर्व सहमति लिनु पर्ने:</u>** यस ऐन र ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड कार्यन्बयन गर्दा प्रदेश सरकारबाट आर्थिक दायित्व सिर्जना हुने भए आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

३०) **<u>प्रदेश सरकारसँग सम्पर्क:</u>** यस ऐन बमोजिम गठन भएका समिति, परिषद तथा पदाधिकारीले प्रदेश सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत् गर्नुपर्नेछ।

३१) **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको प्रत्यायोजित अधिकारको अधिनमा रहि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

## अनुसूची-१

(दफा २ को उपदफा (२) सँग सम्बन्धित)

**प्रथाजनित शब्द तथा शब्दावलीको परिभाषा तथा व्याख्या**

| सि.नं. | शब्द तथा शब्दावली | परिभाषा तथा व्याख्या |
|---|---|---|
| १ | अघरीया, चौकिदार, गोइत वा बहिदरुवा | मटावाँ, बरघर वा भलमन्साको निर्देशनमा सार्वजनिक कामकाजका लागि सम्बन्धित गाउँ वा टोलका सबै घरधुरीमा खबर गर्ने, आलोपालोको लागि उपस्थित भई कुलाही, श्रमदान वा सामूहिक रुपमा गरिने गाउँको परम्परागत संस्कार, संस्कृति अनुसारका परपुजैयामा साझा कामको लागि सञ्चारको काम गर्ने तथा गाउँमा हाँक पार्ने, जानकारी दिने व्यक्ति। |
| २ | कचहरी | सामाजिक न्याय प्रणालीमा सहजीकरणका लागि बस्ने समूहिक बैठक। |
| ३ | केसौका | मुख्य गुरुवालाई सघाउने सहायक गुरुवा वा मुख्य गुरुवाले अह्याएको कार्य गर्ने गुरुवा। |
| ४ | खोज्नीबोझ्नी | मटावाँ, बरघर वा भलमन्सा पदाधिकारीको कामको समीक्षा, बरबुझारथ, सबै तहका |

| सि.नं. | शब्द तथा शब्दावली | परिभाषा तथा व्याख्या |
|---|---|---|
| | | पदाधिकारीको छनोट, मूल्याङ्कन, निरन्तरता र अवकाश प्रक्रिया। |
| ५ | गरधुर्या वा दरबरिया | घरमूली वा घरको अह्रन, पठन, पूजापाठको हरहिसाव राख्ने मुख्य व्यक्ति। |
| ६ | घर गुरुवा, सोरवा | समुदायको थर अनुसारको प्रत्येक परिवारमा बानधुप दिने, पूजा आँटी गराउने वा धरहर्या गुरुवा। |
| ७ | चिरक्या | समुदायमा परापूर्वकालदेखि चलिआएको धार्मिक र सांस्कृतिक अनुष्ठानमा सहयोग गर्ने तथा गाउँको साझा देउथान, मर्वा, देउठन्वा, भुइह्यारठानमा नियमित वा आवश्यकता अनुसार गाईको दूधको धारदिने तथा मद र जल धर्काउने, बत्ती बाल्ने र पूजापाठ गर्ने, चाडपर्व र भोज वा विवाहमा चोखो आगोको व्यवस्था मिलाउन नियुक्त भएको गुरुवा। |
| ८ | जुट्याल्हा | कुनै विषयमा छलफलको लागि बसेको बैठक। |
| ९ | तेलदेह्वा, नौवा वा थरबम्ना | मर्नीकर्नीमा सघाउने व्यक्ति। |

| सि.नं. | शब्द तथा शब्दावली | परिभाषा तथा व्याख्या |
|---|---|---|
| १० | देशबन्ध्या गुरुवा | समुदायमा विशेष पूजाआटी गर्न प्राचीनकाल देखि पूजा पुज्ने मुख्य गुरुवा वा गाउँ तथा प्रगन्ना तहको पूजा चलाउने व्यक्ति। |
| ११ | बखेरी | मटावाँ, बरघर वा भलमन्सा प्रणाली बमोजिम आवधिक रुपमा गरिने स्थानीय भेला वा समुदायमा हुने भुराखेल, माघदेवानी समेत। |
| १२ | बैदावा | बिरामी, चोटपटक वा अस्वस्थ व्यक्तिलाई परम्परागत उपचार विधि वा वैकल्पिक चिकित्सा प्रणाली वा जडिबुटीबाट उपचार गर्ने व्यक्ति। |
| १३ | मर्नीकर्नीहवा | समुदायमा मृत्यु संस्कारमा गरिने विधि सम्बन्धी ज्ञान भएको व्यक्ति। |
| १४ | वरगान | सार्वजनिक कार्यक्रम, भोज भतेर, विवाह वा पूजाआजाको बखत खानेपानीको व्यवस्था गर्ने व्यक्ति। |
| १५ | सोह्नीन्या वा गोडतिन | समुदायकी महिला प्रसुती हुँदा वा प्रसुती पश्चात महिला तथा नवजात शिशुलाई स्याहारसुसार लगायतका कार्य गर्ने स्वास्थ्य सम्बन्धी परम्परागत ज्ञान भएको महिला। |

| सि.नं. | शब्द तथा शब्दावली | परिभाषा तथा व्याख्या |
|---|---|---|
| १६ | ढकेर | विशेष गरेर हरेरी पुजा गर्दा बाजा बजाउने ब्यक्ति। |
| १७ | ख्याल | गाउँ मौजाको मटवा भलमन्साले समयसमयमा आयोजना गर्ने आफ्नो गाउँको सामुहिक वैठक। |
| १८ | गोडिन्या | दशैंमा सखिया नाँच गित सिकाउने व्यक्ति। |
| १९ | मोरिन्ह्या | दशैंको सखिया नाँचमा अगुवाई गर्ने प्रमुख व्यक्ति। |
| २० | पजगिन्ह्या | दशैंको सखिया नाँचमा अगुवाई गर्ने दोस्रो व्यक्ति। |
| २१ | धनहेर्वा | कोषाध्यक्ष |
| २२ | लेखन्दार | सचिव |

## अनुसूची-२

## (दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

## <u>पदाधिकारीका काम, कर्तव्य र अधिकार</u>

(क) **<u>मटावाँ, बरघर तथा भलमन्सा</u>**

(१) जुट्याला वा बखेरीको अध्यक्षता ग्रहण गर्ने,

(२) कम्तीमा एक हप्ता अगावै गाउँ बखेरी, खोज्निबोङ्गिनको लागि मिति र स्थान निर्धारण गर्ने,

(३) जुट्याला वा बखेरीको लागि गाउँका गरधुर्या, अघरीया वा चिरक्या मार्फत् सूचना गर्न लेखन्दारलाई निर्देशन गर्ने,

(४) जुट्याला वा बखेरीमा एजेण्डा प्रस्तुत गर्ने,

(५) जुट्याला वा बखेरीको मत बराबर भएमा निर्णायक मत दिने,

(६) जुट्याला वा बखेरीमा भएका निर्णय प्रमाणित गर्ने,

(७) देशबन्धया गुरुवासँग समन्वय तथा सहकार्य गर्ने,

(८) गाउँमा हुने विभिन्न सार्वजनिक कार्य, मर्निकर्नी, भोज, विवाह र कुलापानी सिंचाइ लगायत प्रथाजनित कार्य गर्ने,

(९) समुदायको पूजाआटी, चार्डपर्व, कला, संस्कृति तथा श्रमदान जस्ता कार्यमा खटन पटन गर्ने,

(१०) मटावाँ, बरघर तथा भलमन्सा प्रणालीको संस्थागत विकासको लागि गाउँ तथा टोल तहबाट योजना र बजेट कार्यक्रम पेश गर्ने,

(११) गाउँ तथा टोलमा हुने विकास निर्माणका कार्यमा अगुवाई गर्ने,

(ख) **लेखन्दार**

(१) मटावाँ, बरघर तथा भलमन्सा प्रणालीको जुट्याल्हा, बखेरी, कचहरी, खोज्निबोझनीको निर्णय लेख्ने र अभिलेख सुरक्षित राख्ने,

(२) मटावाँ, बरघर तथा भलमन्साको निर्देशन अनुसार पत्राचार गर्ने,

(३) मटावाँ, बरघर तथा भलमन्सा प्रणालीको दैनिक प्रशासकीय कार्यको रेखदेख, नियन्त्रण तथा निर्देशन गर्ने,

(४) मटावाँ, बरघर तथा भलमन्सा परम्पराको उद्देश्य निरन्तरताको लागि सञ्चालन गरिएका कार्यक्रम, नीति नियमको अभिलेख राख्ने र प्रतिवेदन तयार गरी सम्बन्धित निकाय तथा बखेरीमा पेश गर्ने।

(ग) **गाउँ धनहेर्वा**

(१) मटावाँ, बरघर तथा भलमन्साको आय-व्ययको हिसाब तोकिए बमोजिमको ढाँचामा दुरुस्त राख्ने,

(२) आर्थिक विवरण तयार गरी आवश्यकता अनुसार गाउँ मौजामा मटावाँ, बरघर तथा भलमन्साको जुट्याल्हा तथा बखेरीको व्यवस्थापन गर्ने,

(३) आय-व्ययको प्रतिवेदन तयार गरी लेखापरीक्षण गराउने र सम्बन्धित निकायमा पेश गर्ने,

(४) मटावाँ, बरघर तथा भलमन्साको चल अचल सम्पत्तिको अभिलेख राख्ने,

(५) लेखा तथा आर्थिक कारोबारलाई व्यवस्थित गर्ने।

(घ) <u>देशबन्धया गुरुवा तथा गुरुवा</u>

(१) गाउँमा हुने धार्मिक तथा सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्ने,

(२) अन्य गुरुवा, केसौका, चिरक्या र अघरियासँग समन्वय र सहकार्य गर्ने,

(३) नियमित पूजापाठ, पूजा विधि र आवश्यक सामग्रीको बारेमा मटावाँ, बरघर तथा भलमन्सालाई जानकारी गराउने र पूजाआटी गर्ने,

(४) विशेष परिस्थिति तथा अवस्थामा भइपरी आउने घटनामा प्रथाजनित कार्य गर्ने र पुस्तान्तरणमा सहजीकरण गर्ने।

(ङ) <u>केशौका</u>

(१) देशबन्ध्या तथा घर गुरुवालाई सघाउने,

(२) देशबन्ध्या गुरुवाले अह्रयाए खटाएको कार्य गर्ने।

(च) <u>चिरक्या तथा अघरिया</u>

(१) मटावाँ, बरघर तथा भलमन्सा, देशवन्ध्या गुरुवा र समुदाय बीचमा सूचना आदान प्रदान गर्ने,

(२) गाउँमा हुने विभिन्न सार्वजनिक कार्य, मर्निकर्नी, भोज, विवाह तथा कुलापानी सिंचाइ लगायत प्रथाजनित कार्य र विभिन्न पूजाआटी, चार्डपर्व, कला संस्कृति, श्रमदान गर्दा खटन-पटनका लागि जानकारी गराउने, थनुवामा दूधधार दिने तथा मद र जल धर्क्याउने,

(३) गाउँमा गरधुरीया, गुरुवा, देशबन्धया गुरुवा, बैदावा, केसौका तथा सोह्रीन्या लगायतका प्रथाजनित संरचनाका अगुवासँग समन्वय र सहकार्य गर्ने,

(४) मटावाँ, बरघर तथा भलमन्साले अह्राएको अन्य कार्य गर्ने।

# थारु समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

लुम्बिनी प्रदेशमा थारु समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानमा व्यवस्था गरिएका विषयलाई व्यावहारिक रूपमा कार्यान्वयनयोग्य बनाउन तथा प्रदेशको आवश्यकता अनुसार अन्य विषयहरूसमेत समावेश गरी तयार गरिएको छ।

विधेयक सम्बन्धमा संसदीय काम कारबाही तथा समितिमा हुने छलफलमा सहजीकरण गर्न तथा विधेयकमा समावेश गरिएका विषयको उद्देश्य तथा अभिप्रायलाई स्पष्ट र अर्थपूर्ण बनाउन सहयोग पुऱ्याउने उद्देश्यले यो व्याख्यात्मक टिप्पणी तयार गरिएको छ।

देहायका उद्देश्य र प्रयोजनको लागि यो विधेयकमा रहेका प्रत्येक दफाको व्याख्यात्मक टिप्पणी तयार गरिएको छः-

(क) विधेयकको सम्बन्धमा प्रदेश सरकारको अवधारणा प्रदेश सभालाई बोध गराउन,

(ख) प्रदेश सभा र त्यस अन्तर्गतका समितिमा हुने छलफलको लागि विधेयकको प्रत्येक दफामा रहेका प्रावधानको अन्तरनिहित अर्थ र अभिप्राय सम्बन्धमा जानकारी गराउन,

(ग) प्रत्यायोजित विधायन बनाउनु पर्ने विषयहरूको परीक्षणमा सहयोग पुऱ्याउन,

(घ) अदालत, कानुन व्यवसायी तथा कानुन कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरूलाई कानुनको कार्यान्वयन र व्याख्यामा सहयोग पुऱ्याउन,

(ङ) विधेयकको आवश्यकता र महत्वको विषयमा सरोकारवाला तथा सर्वसाधारणलाई जानकारी दिन तथा सूचित गर्न।

विधेयकको दफा शीर्षकको आधारमा प्रत्येक दफाको व्याख्या र त्यसको कार्यान्वयनबाट प्राप्त हुने उपलब्धिलाई बुँदागत रुपमा उल्लेख गरिएको छ।यो टिप्पणी तयार गर्दा विधेयकको दफा तथा उपदफामा रहेको व्यवस्था र त्यसमा अन्तरनिहित उद्देश्य, अर्थ र अभिप्रायलाई बुझ्न सहज हुने गरी दफा शीर्षकको आधारमा व्याख्यात्मक टिप्पणी प्रस्तुत गरिएको छः-

| दफा नं. | दफा शीर्षकको नाम | व्याख्यात्मक टिप्पणी (उद्देश्य र अभिप्राय) |
|---|---|---|
| १. | संक्षिप्त नाम, प्रारम्भ र विस्तार | • थारु समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ऐनको रूपमा लागू हुँदा थारु समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धन ऐन, २०८३ हुने र प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भए पश्चात तत्काल प्रारम्भ हुने।यो ऐन |

| | | |
|---|---|---|
| | | प्रदेशभित्र थारू समूदायको बसोबास क्षेत्रमा मात्र लागू हुनेछ। |
| २. | परिभाषा र व्याख्या | • विधेयकको परिभाषा खण्डमा ९ (नौ) वटा शब्द तथा शब्दावलीको परिभाषा गरिएको छ। शब्दहरूको समान अर्थ र बुझाई कायम गर्दै कानुनी अर्थ दिन र ऐनको कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन।<br>• विधेयकमा प्रयुक्त शब्द तथा शब्दावलीहरूको अर्थ तथा व्याख्याले व्यक्ति तथा निकायको अधिकार, दायित्व, शर्त र जिम्मेवारी बुझाउन तथा त्यस्तो अधिकार, दायित्व, शर्त र जिम्मेवारीको स्पष्टताको लागि पनि शब्द तथा शब्दावलीको परिभाषा गर्न।<br>• यसले कानुन व्याख्या एवम् कार्यान्वयनको क्रममा सहजीकरण गर्ने। |

| | | |
|---|---|---|
| ३. | प्रथाजनित परम्परागत असल अभ्यासको संरक्षण गरिने | • थारु समुदायमा परम्परागत रुपमा चलि आएका विभिन्न परम्परा तथा असल अभ्यासहरु उल्लेख गरी संरक्षण गर्ने।<br>• यस व्यवस्थालाई असल अभ्यासहरुलाई पुस्तान्तरण गर्दै मौलिक संस्कृतिलाई संरक्षण गर्न सहयोग पुग्ने। |
| ४. | सामाजिक सदभाव कायम गर्ने | • यस व्यवस्थाले बिद्यमान बहुजातीय तथा बहुभाषिक समाजमा सदभाव कायम गर्न अपासी भाइचारा र मेलमिलाप कायम गर्न सहयोग गर्ने। |
| ५. | समुदायले पहिचान कायम गर्न सक्ने | • समुदायमा रहेका परम्परागत रुपमा पहिचान कायम भएका गाउँटोल र स्थानको पहिचानको निरन्तरता तथा विकासमा सहयोग पुग्ने। |
| ६. | गाउँ मौजा रहने | • समुदायको सबैभन्दा तल्लो तहको संरचनामा गाउँ मौजाको नामबाट सम्बोधन हुने। |
| ७. | गाउँ मौजाको सीमाना | • परम्परागत रुपमा गाउँ मौजाको सीमाना निर्धारण गर्न उक्त समुदायलाई अधिकार हुने तर |

| | | |
|---|---|---|
| | | सामाजिक न्यायमा आधारित सेवा सुविधाको बाँटफाँड जस्ता कार्यमा प्रयोग नगरिने। |
| ८. | गाउँ मौजामा मटावाँ, वरघर तथा भलमन्सा परम्परा रहन सक्ने | • समुदायलाई परिचालन गर्न गाउँ मौजामा मटावाँ, वरघर तथा भलमन्सा रहने र यस व्यवस्थाले समाजमा नेतृत्व प्रदान गर्ने र समाजलाई सदभावपूर्ण ढङ्गबाट संचालन गर्न सहयोग पुग्ने। |
| ९. | गाउँ मौजाको मटावाँ, वरघर तथा भलमन्साको कार्यक्षेत्र | • मटावाँ, वरघर तथा भलमन्साको कार्यक्षेत्र सुनिश्चित हुने देखिन्छ। |
| १० | प्रगन्ना, फाँटा तथा टप्पा रहने | • गाउँ मौजा भन्दा माथि प्रगन्ना, फाँटा तथा टप्पाको संरचना हुनेछ। गाउँ मौजाहरू मिलेर यो संरचना बन्नेछ।<br>• समुदायको परम्परा देखि रहेको सिंचाइ प्रणाली समूहिक श्रम प्रणाली र भूमि पूजा आदिका लागि प्रगन्ना, फाँटा तथा टप्पा रहने व्यवस्था गरेको।<br>• यस व्यवस्थाले टप्पा लगायतको गठन काम, कर्तव्य र अधिकार |

| | | |
|---|---|---|
| | | व्यवस्थित गर्न सहयोग पुग्ने देखिन्छ। |
| ११ | नक्साङ्कन गर्न सकिने | • गाउँ मौजा प्रगन्ना, फाँटाको नक्साङ्कन हुने जिपिएस प्रणालीमा आधारित नक्सा समेत बनाउन सक्ने। |
| १२ | गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा सङ्गठित संस्थाको रुपमा दर्ता हुन सक्ने | • प्रचलित कानुनको अधिनमा रही गाउँ मौजा प्रगन्ना फाँटा सङ्गठित संस्थाको रुपमा स्थापना हुने र स्वीकृत विधान बमोजिम काम, कर्तव्य र अधिकार प्रयोग गर्न सक्ने। |
| १३ | गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सूचीकरण | • गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सूचीकरण हुने।<br>• यस व्यवस्थाले सूचीकरण प्रमाणपत्र प्रदान गर्ने तथा अभिलेखीकरणमा सहयोग पुग्ने। |
| १४ | गाउँ मौजा सञ्चालक समिति | • गाउँ मौजा सञ्चालक समिति ९ (नौ) सदस्य हुने र समितिको ऐन बमोजिमको काम कर्तव्य कायम गर्ने। |
| १५ | स्थानीय समन्वय परिषद् | • सबै गाउँ मौजाका मटावाँ, बरघर र भलमन्साले आपसि समन्वयमा स्थानीय समन्वय परिषद गठन |

| | | |
|---|---|---|
| | | गर्ने र प्रदेश समन्वय परिषदको कार्यक्षेत्र निर्धारण गर्न सहयोग पुग्ने। |
| १६ | प्रदेश समन्वय परिषद् | • प्रदेशसँग समन्वय गर्न सबै गाउँ मौजाका मटावाँ, वरघर र भलमन्साले आपसि समन्वयमा प्रदेश समन्वय परिषद गठन गर्ने र स्थानीय समन्वय परिषदको कार्यक्षेत्र निर्धारण गर्न सहयोग पुग्ने। |
| १७ | पदाधिकारीका काम, कर्तव्य र अधिकार | • प्रचलित कानुन बमोजिम ऐनमा उल्लेख भएका पदाधिकारीहरुको काम, कर्तव्य अधिकार स्पष्ट परिएको र हरेक सदस्य एवं पदाधिकारीहरुले कार्य गर्न सहज हुने। |
| १८ | गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको कोष हुने | • गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको कोषको व्यवस्था हुने र कोष सञ्चालन अनुदान प्राप्ती खाता सञ्चालनमा सहज हुने। |
| १९ | कोषको खाता सञ्चालन | • कोषको खाता सञ्चालन गर्ने र मौजा प्रगन्ना फाँटा वा टप्पाको सञ्चालक समितिको अध्यक्ष वा समितिले तोकेको सदस्य र |

| | | |
|---|---|---|
| | | धर्नेहवाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्ने व्यवस्था गरेको। |
| २० | कोषको रकम खर्चका क्षेत्र | • कोषमा संकलित रकम कुनकुन क्षेत्रमा खर्च गर्ने स्पष्ट व्यवस्था गरीएको र यस व्यवस्थाले प्रचलित कानुन बमोजिम कोषको रकम खर्च गर्न सहयोग पुग्ने। |
| २१ | लेखामान तथा लेखापरीक्षण | • कोषबाट खर्च भएको रकमको कानुनले निर्धारण गरे बमोजिम लेखापरीक्षण गर्नु पर्ने व्यवस्था रहेको र आर्थिक पारदर्शितामा सहयोग पुग्ने। |
| २२ | सामाजिक परीक्षण गर्नुपर्ने | • कोषबाट भएको खर्च प्रचलित कानुन बमोजिम सामाजिक परीक्षण गराउनु पर्ने। |
| २३ | अन्तर-गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा आर्थिक कारोबार गर्न सक्ने | • सञ्चालक समितिको निर्णय बमोजिम एक मौजा प्रगन्ना फाँटा र टप्पाले अर्को फाँटा प्रगन्ना र टप्पासंग आर्थिक कारोबार गर्न सक्ने व्यवस्था रहेको र टप्पा फाँटा र प्रगन्ना बिच सदभाव कायम हुने। |

| | | |
|---|---|---|
| २४ | समुदायमा आधारित मेलमिलापमार्फत विवाद समाधान गर्न सकिने | • प्रचलित कानुन विपरित नहुने गरी समुदायमा मेलमिलापद्वारा विवाद समाधान गर्न सकिने र समाजमा उत्पन्न समान्य वादविवादलाई समाधान गरी सभ्य समाज निर्माणमा सहयोग पुग्ने। |
| २५ | मेलमिलापकर्ताको आचारसंहिता | • मेलमिलापकर्ताले पालन गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्थाले मेलमिलापकर्तालाई आफ्नो कार्य सम्पादन गर्न सहयोग पुग्ने। |
| २६ | प्रशिक्षण तथा प्राविधिक सेवा उपलब्ध गराउन सक्ने | • मेलमिलापकर्तालाई काम कर्तव्य अधिकार सम्बन्धी प्रशिक्षण उपलब्ध गराउने र कार्य प्रभावकारितमा वृद्धि गर्ने देखिन्छ। |
| २७ | बखेरी सञ्चालन | • यस व्यवस्थाले बखेरी सञ्चालनका गतिविधिलाई सहज हुने देखिन्छ। |
| २८ | प्रतिवेदन पेश गर्नुपर्ने | • सञ्चालक समितिले गाउँ मौजा प्रगन्ना फाँटा तथा टप्पाले एक वर्ष भरी गरेका कार्यहरुको वार्षिक लेखापरीक्षण प्रतिवेदन पैतीस दिन भित्र मन्त्रालयमा पेश गर्नु पर्ने र यस व्यवस्थाले आर्थिक |

| | | |
|---|---|---|
| | | पारदर्शिता र कार्य प्रभावकारितामा जोड दिने। |
| २९ | पूर्व सहमति लिनु पर्ने | • आर्थिक दायित्व सिर्जना हुने विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति आवश्यक हुने। |
| ३० | प्रदेश सरकारसँग सम्पर्क | • यस ऐन बमोजिमका समिति, परिषद तथा पदाधिकारीलाई प्रदेश सरकारसंग सम्पर्क गर्न र मन्त्रालय प्रति उत्तरदायी हुने विषय सुनिश्चित गर्ने। |
| ३१ | नियम बनाउने अधिकार | • प्रदेश सरकारले आवश्यकताका आधारमा नियम बनाउन सक्ने। |

# थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपालको संविधान बमोजिम ऐन निर्माण गर्ने अधिकार प्रदेश सभामा रहेको र ऐन अन्तर्गतका नियम, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्ड निर्माण गर्ने अधिकार प्रदेश सरकार, मन्त्रिपरिषद् वा सम्बद्ध निकायलाई प्रत्यायोजन गर्ने कानुनी व्यवस्था, अभ्यास र प्रचलन रहेको छ।

यसै सन्दर्भमा प्रस्तुत विधेयकको दफा ३१ मा यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्ने अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ।

विधेयकको विभिन्न दफा तथा उपदफामा उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनको लागि नियम, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्ड जस्ता प्रत्यायोजित विधायन निर्माण गर्न आवश्यक हुन्छ। प्रत्यायोजित विधायनको सीमा, दायरा र समेटिने विषयहरूको सम्बन्धमा अधिकार प्रत्यायोजन गर्ने निकाय प्रदेश सभालाई अग्रिम रुपमा सूचित र अवगत गराउनु प्रदेश सरकारको कर्तव्य भएकोले देहायको प्रयोजनको लागि यो प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी तयार गरिएको छः-

(क) प्रत्यायोजित व्यवस्थापन सम्बन्धी कानुन बनाउँदा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ ले निर्धारण गरेका सीमा र दायराभित्र रही नियमहरू बनाउने कुरा सुनिश्चित गर्न,

(ख) प्रत्यायोजित व्यवस्थापन सम्बन्धी सर्वमान्य सिद्धान्त तथा मान्यताहरूलाई अनुशरण र अवलम्बन गरिने व्यहोरा सुनिश्चित गर्न,

(ग) प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमाको विषयमा प्रदेश सभालाई अग्रिम जानकारी गराउन,

(घ) प्रत्यायोजित व्यवस्थापनको प्रभाव (प्राप्त हुने उपलब्धी)का सम्बन्धमा प्रदेश सभालाई अग्रिम सूचित गर्न,

(ङ) ऐन कार्यान्वयनको लागि आवश्यक प्रक्रिया, कार्यविधि र प्राविधिक विषयहरू समय-समयमा संशोधन र परिमार्जन गर्नुपर्ने भएकोले त्यस्ता विषयहरू प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बन्ने नियम, कार्यविधि, निर्देशिका, दिग्दर्शन तथा मापदण्डमा समावेश गरिने सम्बन्धमा प्रदेश सभालाई सूचित गर्न,

(च) सारवाना कानुनको मर्म एवम् भावना विपरित नहुने गरी प्रक्रियागत क्षेत्रमा मात्र प्रत्यायोजित विधायनहरू तयार गरी लागू गर्ने कुरालाई सुनिश्चित गर्न।

लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १०३ मा रहेको व्यवस्थाहरूलाई मार्गदर्शनको रूपमा लिई प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था, त्यसको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव (उपलब्धी) सम्बन्धी टिप्पणी देहाय बमोजिम प्रस्तुत गरिएको छः-

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| १. | दफा ८ को उपदफा (३) | गाउँ मौजाको मटावाँ, बरघर वा भलमन्साको छनौंट गर्न सम्बन्धित गाउँ मौजाको सञ्चालक समितिले मापदण्ड बनाउन सक्नेछन्। | थारू समूदायको कार्यगत स्वायत्तको लागि गाउँ मौजाको मटावाँ, बरघर वा भलमन्साको छनौंट सम्बन्धी मापदण्ड गाउँ मौजाको सञ्चालक समितिले बनाउनेछ। | • समुदायको कार्यगत स्वायत्तता कायम हुने र आवश्यकता तथा स्थान अनुसार समूदाय नै संलग्न रहने हुँदा छनौटमा पारदर्शिता कायम हुनेछ। |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| २. | दफा १० को उपदफा (३) | समुदायले मापदण्ड बनाई सञ्चालक समितिको गठन तथा प्रगन्ना, फाँटा वा टप्पाको गठन, सञ्चालन तथा काम, कर्तब्य र अधिकार, लगायतका कार्यलाई | सञ्चालक समितिको गठन तथा प्रगन्ना, फाँटा वा टप्पाको गठन, सञ्चालन तथा काम, कर्तब्य र अधिकार, लगायतका कार्यलाई व्यवस्थित गर्न समूदायले मापदण्ड बनाउनेछ। | • सञ्चालक समितिको गठन तथा प्रगन्ना, फाँटा वा टप्पाको गठन, सञ्चालन तथा काम, कर्तब्य र अधिकार, लगायतका कार्यहरू व्यवस्थित हुनेछ। |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | व्यवस्थित गर्न सक्नेछन्। | | |
| ४. | दफा १२ को उपदफा (२) | उपदफा (१) बमोजिम दर्ता भएका गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पा को गठन काम कर्तब्य र अधिकार सङ्गठित संस्थाको रुपमा दर्ता हुँदा पेश गरेको संस्थाको | गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको विधान सम्बन्धित निकायबाट स्वीकृत हुनेछ। त्यस्ता विषय विधानमा समावेश हुनेछन्। | • विधानमा समावेश हुने र सम्बन्धित निकायबाट विधान बमोजिम नियमन लगायतका कार्यमा सहयोग पुग्नेछ। |

| क.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | स्वीकृत विधान बमोजिम हुनेछ। | | |
| ५. | दफा १३ को उपदफा (२) | उपदफा (१) बमोजिमको समितिले सूचीकरण सम्बन्धी मापदण्ड आफै बनाउन सक्नेछ। | गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सूचीकरण सम्बन्धी मापदण्ड प्रदेश समन्वय समितिले बनाउनेछ। | • गाउँ मौजा र प्रगन्ना, फाँटा वा टप्पाको सूचीकरण सम्बन्धी कार्य मापदण्डले व्यवस्थित गर्नेछ।<br>• अभिलेख रहनेछ। |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| ६. | दफा १४ को उपदफा (३) | सञ्चालक समितिको बैठक सम्बन्धी मापदण्ड समिति आफैले बनाउन सक्नेछ। | सञ्चालक समितिको बैठक तथा सोसम्बन्धी कार्यविधि मापदण्डमा उल्लेख हुनेछ। | • बैठक सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि व्यवस्थित हुनेछ। |
| ७. | दफा १४ को उपदफा (४) | समितिका पदाधिकारीको योग्यता तथा बर्खास्तीका शर्त प्रचलित कानुन विपरित नहुने गरी | समितिका पदाधिकारीको योग्यता तथा बर्खास्तीका शर्त प्रदेश समन्वय समितिले मापदण्ड बनाउनेछ। | • प्रदेश समन्वय समितिले बनाएको मापदण्डले समितिका दाधिकारीको योग्यता तथा बर्खास्तीका शर्त |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | नहुने गरी दफा १६ बमोजिमको प्रदेश समन्वय समितिले बनाएको मापदण्ड बमोजिम हुनेछ। | | लगायतका विषयहरू समावेश भई व्यवस्थित हुनेछ। |
| ८. | दफा १४ को उपदफा (५) | गाउँ मौजा वा प्रगन्ना, फाँटा वा टप्पाको स्वामित्वमा रहेको चल अचल सम्पतीको दायित्व र लगत तथा काम, कर्तब्य र | यसको लागि प्रदेश समन्वय समितिले मापदण्ड बनाउनेछ। | • गाउँ मौजा वा प्रगन्ना, फाँटा वा टप्पाको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको दायित्व र लगत तथा |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | अधिकार तथा गाउँ मौजा सञ्चालक समितिको सञ्चालन प्रचलित कानुन विपरित नहुने गरी दफा १६ बमोजिमको प्रदेश समन्वय समितिले बनाएको मापदण्ड बमोजिम हुनेछ। | | काम, कर्तब्य र अधिकार व्यवस्थित हुनेछ। सम्पत्तिको संरक्षण र अभलेख व्यवस्थापनमा सहयोग पुग्नेछ। |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| ९. | दफा १५ को उपदफा (२) | परिषद्को गठन, परिषदमा रहने अध्यक्ष तथा सदस्यको योग्यता, सदस्य सङ्ख्या, बैठक सम्बन्धी कार्यविधि तथा काम, कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तहका सबै गाउँ मौजाका मटावाँ, बरघर तथा | यी विषयहरू मापदण्डमा समावेश गरी त्यस्तो मापदण्ड आमभेलाको निर्णयबाट गठन भएको समितिले बनाउनेछ। | • परिषद्को गठन, परिषदमा रहने अध्यक्ष तथा सदस्यको योग्यता, सदस्य सङ्ख्या, बैठक सम्बन्धी कार्यविधि तथा काम, कर्तव्य र अधिकारहरू मापदण्डमा समावेश भई थप व्यवस्थित हुनेछ। |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | भलमन्साको आमभेलाको निर्णयबाट गठन भएको समितिले बनाएको मापदण्ड बमोजिम गठन हुनेछ। | | |
| १०. | दफा १६ को उपदफा (२) | परिषद्को गठन, परिषदमा सहने अध्यक्ष तथा सदस्यको योग्यता, सदस्य | प्रदेश समन्वय परिषद् गठन लगायतका विषयहरू | प्रदेश समन्वय परिषद्को गठन लगायतका कार्य |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | सङ्ख्या, बैठक सम्बन्धी कार्यविधि तथा काम, कर्तव्य र अधिकार प्रदेशका जिल्लागत समुदायको जनसङ्ख्याको अनुपातका आधारमा प्रतिनिधित्व गर्ने सङ्ख्या निर्धारण गरी प्रगन्ना, फाँटा वा टप्पाको मटावाँ, | आमभेलाबाट बनेको माददण्डमा समावेश हुनेछ। | व्यवस्थित र पारदर्शी हुनेछ। |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | बरघर तथा भलमन्साको आमभेलाको निर्णयबाट गठन भएको समितिले बनाएको मापदण्ड बमोजिम हुनेछ। | | |
| ११ | दफा २९ | यस ऐन र ऐन अन्तर्गत बनेका नियमावली, कार्यविधि, निर्देशिका तथा | ऐन कार्यान्वयनका लागि आवश्यकता अनुसार कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण हुनेछन्। | ऐन कार्यान्वयनको उद्देश्य पूरा गर्न कार्यविधि, निर्देशिका तथा |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | मापदण्ड कार्यन्बयन गर्दा प्रदेश सरकारबाट आर्थिक दायित्व सिर्जना हुने भए आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ। | | मापदण्डबाट सहयोग पुग्नेछ। |
| १२. | दफा ३१ | यस ऐनको प्रत्यायोजित अधिकारको अधिनमा | प्रदेश सरकारले ऐन कार्यान्वयन गर्न र ऐनको उद्देश्यप्राप्त गर्न आवश्यक | ऐनको कार्यान्वयन र उद्देश्यप्राप्तिमा सहयोग |

| क्र.सं. | विधेयकको दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव (उपलब्धी) |
|---|---|---|---|---|
| | | रहि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ। | पर्ने नियम स्वीकृत गरी लागू गर्नेछ। ऐनमा उल्लिखित तोकिए वा तोकिए बमोजिम रहेका व्यवस्थाको सीमाभित्र रही ऐनको प्रतिकूल नहुने गरी नियम बन्नेछ। | पुग्नेछ। कार्यविधिगत तथा प्रक्रियागत व्यवस्थाले सरकारी निकाय तथा सरोकारवाला पक्षलाई कार्यसम्पादन तथा सेवा सुविधाप्राप्तिमा सहजीकरण हुनेछ। |

.....................................

(मा.जन्मजय तिमिल्सिना)

सामाजिक विकास मन्त्री